सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १४८ | वि.सं. २०७९ पुस १३ गते बुधबार | 28, 2022 Wednesday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## महानगरले हटायो घण्टाघर चोकमा गुजुल्टिएका तार

वीरगञ्ज, १२ पुस

वीरगञ्ज महानगरपालिकाले घण्टाघर क्षेत्रमा अव्यवस्थित रुपमा रहेको तार काटेर हटाएको छ ।

नगरभित्र रहेका अव्यवस्थित तार व्यवस्थापन गर्ने अभियान अनुरुप महानगरले विद्युत तथा टेलिकमको पोलमा गुजुल्ट्याएर राखिएका तार काटेर हटाएको हो ।

महानगरमा सेवा प्रवाह गर्दै आएका इन्टरनेट तथा केवल टिभीका प्रतिनिधिसहित महानगरको टोलीले घण्टाघर चोकदेखि जिल्ला प्रहरी कार्यालय अगाडीसम्मको बायाँतर्फको पोलमा रहेको अव्यवस्थित तार हटाएको हो ।



जथाभावी टांगिएका तारका कारण नगरको सौन्दर्यता विग्रिनुका साथै दुर्घटनाको सम्भावना समेत देखिएकाले व्यवस्थित गर्न महानगरले सेवाप्रदायकलाई सँगै लिएर व्यवस्थापन गर्न थालेको हो ।

यसअघि टोलीले आदर्शनगर क्षेत्रका पोलहरुमा टांगिएका तार काटेर हटाएको थियो ।

महानगरका मेयर राजेशमान सिंहले नगर क्षेत्रका अव्यवस्थित तार हटाउन निर्देशन दिएसँगै तार व्यवस्थान गर्ने अभियान अघि बढेको हो ।

मंगलबार अव्यवस्थित तार हटाउन इन्टरनेट सेवा प्रदायक संस्थाहरु वर्ल्ड लिंक, सिम टिभी, डिस होम, एनटीसी, भायोनेटका प्रतिनिधि सहभागि रहेको महानगर आइटी शाखाका बृजेश प्रधानले जानकारी दिए ।

'विद्युत तथा टेलिकमका पोलहरुमा गुजुल्टिएर राखिएका तार काट्ने अभियानमा सबै सेवाप्रदायकलाई पटक पटक खबर गरेर काम गरेका हौं,' प्रधानले भने, 'अहिले धेरै जसो सेवा प्रदायक सँगै सहभागिता जनाइरहेका छन् ।'

यस्तै महानगरले एक सूचना जारी गर्दै अहिले अभियान चलाएर तार व्यवस्थित

बाँकी तेश्रो पृष्ठमा

## पर्सा प्रहरीको ठूलो सफलता, ८ चोरी को मोटर साइकल सहित मोटरसाइकल चोर गिरोह पक्राउ



बीरगन्ज । वडा प्रहरी कार्यालय बीर्ताले ८ वटा मोटरसाइकल सहित ४ जना चोरी गर्नलाई पक्राउ गरेको छ ।

वीरगंज घण्टाघर लगायतका स्थानबाट एक भारतिय सहित ८ मानिसहरुलाई चोरी गर्न प्रयोग हुने मास्टर साँचो प्रहरीले नियन्त्रणमा लिइएको वडा प्रहरी कार्यालय वीर्ता को प्रमुख प्रहरी निरीक्षक विशाल मल्लले जानकारी दिनु भएको छ।

प्रहरीले भारत विहार राज्य रतनपुर घर भइ वीमनपा-१० डेरा गरि बस्ने वर्ष १९ को शिवम् पाण्डे , बीरगन्ज वडा न २६ अठराह सुगौली घर भएको वर्ष २१ को अशोक पटेल , अठराह सुगौली घर भएको वर्ष २० को रामप्रवेश पटेल, बीरगन्ज वडा न २४ रामगढवा घर भएको वर्ष २४ को आकाश तिवारी लाई पक्राउ गरेको छ ।

## आफ्नै काकीको विभत्स हत्या गर्ने २० वर्षीय युवक प्रहरीको फन्दामा



धनुषा । धनुषामा आफ्नै काकीको विभत्स हत्या गरेको आरोपमा २० वर्षीय युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा विदेह नगरपालिका ७ वेलापट्टी बस्ने २० वर्षीय दिलिप कुमार साह रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

सोमबार साँझ ३० वर्षीया कविता देवी साहको आफ्नै सुत्ने कोठामा करेन्ट लागि मृत्यु भएको र उनको १४ महिनाको छोरा घाईते भएको प्रहरीमा खबर गएको थियो ।

प्रहरीले यस घटनामा अनुसन्धान गर्दै जाँदा महिलाको आफ्नै भतिजोले हत्या गरेको खुलेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीको अनुसन्धान टोली घटना स्थलमा जाँदा मृतक लाशको अनुहारकै भागमा गम्भिर चोट लागि रक्ताम्य तथा अर्धनग्न अवस्थामा शव फेला परेको थियो । कुकुरसहितको टोलीले अनुसन्धान गर्दै जाँदा दिलिपलाई शंकास्पद अवस्थामा फेला परेको र उनको हाथको बुढी औला तथा घाटिको भागमा स-साना

बाँकी तेश्रो पृष्ठमा

## सर्लाहीमा नवजात शिशुलाई अस्पतालमा फाली युवती फरार



सर्लाही । सर्लाहीमा नवजात शिशुलाई अस्पतालमा फालेर एक युवती फरार भएकी छन् ।

सोमबार दिउँसो करिब १ बजेको समयमा भारतको बिहार राज्य जिल्ला सितामडी सोनवर्षा बस्ने २२ वर्षीया युवती गर्भवती भई प्रादेशिक अस्पताल मलंगवामा उपचारको लागि आएकी थिइन् ।

अस्पतालको ट्वाईलेटमा गई सुत्केरी भई छोरा पाई छाडी युवती भागेको

बाँकी तेश्रो पृष्ठमा

## चालु पूँजी कर्जा निर्देशिकाको विरोधमा वीउवासंघद्वारा बजारमा विरोध स्वरुप ब्यानर झुण्ड्याइयो

वीरगञ्ज, १२ पुष ।

नेपाल राष्ट्र बैंकको चालु पूँजी कर्जा निर्देशिका तथा बैंकहरुको चर्को ब्याज दरका विरुद्ध वीरगञ्ज उद्योग वाणिज्य संघ आन्दोलनमा उत्रिएको छ । नेपाल राष्ट्र बैंकको गलत आर्थिक नीतिले बजार व्यवसाय तहसनहस भएको भन्दै संघको नेतृत्वमा उद्योगी व्यवसायीहरु आन्दोलनमा उत्रिएका हुन् ।

आन्दोलनको आज तेश्रो दिन व्यवसायिक प्रतिष्ठान अगाडि चालु पूँजी कर्जा निर्देशिकाको बिरोधमा ब्यानरहरु झुण्ड्याउनुका साथै हातमा कालो पट्टी बाँधी बिरोध जनाएको र भोलि चौथो दिन १३ गते नेपाल राष्ट्र बैंक अगाडि धर्ना दिने कार्यक्रम रहेको संघका अध्यक्ष डा. सुबोध कुमार गुप्ताले बताउनु भयो ।




राष्ट्र बैंकको गलत मौद्रिक नीति र फितलो अनुगमनको कारण प्राय: बाणिज्य बैंकहरुले बजारमा तरलताको अभाव देखाएर मनोमानी किसिमले ब्याज वृद्धा तथा विभिन्न नीतिगत जटिलताका विरोधमा आन्दोलन गर्नुपर्ने बाध्यता आएको अध्यक्ष गुप्ताले बताउनुभयो ।

बिरोध कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति सदस्य, उद्योगी, ब्यापारी, नागरिक समाज, कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

यस अघि संघले पहिलो दिन चर्को ब्याज दर र चालु पूँजी कर्जाको सात्केतिक बिरोध स्वरुप वीरगञ्ज उद्योग बाणिज्य संघको कार्यालय र नेपाल राष्ट्र बैंकको मुख्यद्वार अगाडि विभिन्न नाराहरु लेखिएको ब्यानरहरु झुण्डयाइएको थियो ।

वीरगञ्ज उद्योग वाणिज्य संघबाट निस्केको र्‍यालीले वीरगञ्ज नगरको परिक्रमा गर्दै स्थानीय पर्सेलीहरुलाई विरोध ब्यानर वितरण, कालो पट्टी बाँधन अनुरोध गर्दै घण्टाघरमा पुगेर सम्पन्न भएको थियो ।

घण्टाघरमा कोणसभालाई सम्बोधन गर्दै संघका अध्यक्ष डा. गुप्ताले मुलुक आर्थिक रुपले सक्टट तर्फ उन्मुख भइरहेको तर्फ सक्तेत गर्दै शीघ्र चर्को ब्याज दर र चालु पूँजी कर्जाको अव्यवहारिक र निजीक्षेत्र अमैत्री प्रावधान हटाउन जोडदार माग गरेका थिए ।



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सन्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# अबको शासकीय र विधायिकी तस्बिर

**अच्युत वाग्ले**

मुलुकको नयाँ प्रधानमन्त्री बन्ने बाजी नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल मारेका छन्, अत्यन्तै नाटकीय ढंगमा । उनले संविधानतः एक महिनाभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्नेछ । विगत एक सातामा अनेक रङका सत्ता गठबन्धनको समीकरण बन्ने र भत्किने अनगिन्ती कोसिस भए ।

नेपाली कांग्रेस, नेकपा माओवादी, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी र राष्ट्रिय जनमोर्चाको गठबन्धन राष्ट्रपतिसमक्ष सरकार बनाउने दाबी पेस गर्ने अन्तिम घडी, आइतबार अपराह्न पाँच बज्नुभन्दा केही घण्टाअघि मात्र, छिन्नभिन्न भयो ।

अन्ततः संविधानको धारा ७६(२) बमोजिम 'दुई वा सोभन्दा बढी दल' को समर्थनमा सरकार बनाउने अंकगणित साना चार दलसहित मूलतः एमाले-माओवादी छदलीय गठबन्धनले राष्ट्रपतिलाई बुझाएको छ । सरकार बनाउने अथवा सत्ता गठबन्धन जोगाउने खेलमा मुलुकको राजनीति सम्पूर्णतः सत्ताकेन्द्रित भइदिँदा राष्ट्रका अहं चासो एवं प्राथमिकताहरू राजनीतिक बहसको मूलधारबाट टाढै छन् ।

सरकार बनाउने गठजोडका लागि सबै दलले प्रदर्शन गरेको चरम सिद्धान्तहीन र आधारहीन सत्ता राजनीति क्षणिकजस्तो देखिए पनि त्यो अबका पाँच वर्ष राज्य सञ्चालनमा देखिने प्रवृत्तिहरूको पर्याप्त एवं चिन्ताजनक पूर्वसंकेत हो ।

राजनीतिक स्थायित्व दिने नारा लिएर गठबन्धन बनाउँदै चुनावमा गएका सत्ता र विपक्षी खेमाका दलहरू चुनावी नतिजा आउनेबित्तिकै आफू समावेश भएको गठबन्धनप्रतिको नैतिक साङ्लो चुँडालेर सत्तामा छिटो पुग्न नयाँ समीकरणहरू निर्माणको कसरतमा लागे । त्यो ऊहापोहमा कम्तीमा वैचारिक वा दार्शनिक रूपले नजिक भएकाहरू अथवा राष्ट्रिय प्राथमिकता र मुद्दाहरूलाई हेर्ने दृष्टिकोणमा समानता भएका शक्तिहरूबीच सहकार्य गर्ने न्यूनतम राजनीतिक संस्कारको हेक्का कतै भएन । जनमतका आधारमा प्राप्त हैसियत अनुसार उच्च राजनीतिक पदहरू दाबी गर्ने वा चुनाव हारेपछि पदीय महत्त्वाकांक्षाबाट अलग बस्ने सामान्य लोकतान्त्रिक मर्यादाको पनि कतै पालना भएन । आकर्षक संवैधानिक र कार्यकारी पदहरू निर्णायक दलका मुख्य नेताहरूबीच बाँडफाँट गर्न सम्पूर्ण राजनीतिक ऊर्जा खर्चिइएको देखियो । यस्तो संस्कारहीन राजनीति विगतदेखि नै फैलिँदै गएको रोग हो र अबचाहिँ यो लिकमा फर्काउनै नसकिने गरी भीरको बाटो लागेजस्तो देखिन्छ ।

दलहरूका नाममा लोकतन्त्रवादी, कम्युनिस्ट, समाजवादी, उदारवादी, स्वतन्त्र आदि जे फुँदो थपे पनि उनीहरू सबै त्यो नामसम्मत विचार बोक्न सर्वथा अक्षम प्रमाणित भएका छन् । अथवा अर्को शब्दमा, सबै आफ्ना वैचारिक रूढाग्रहलाई त्यागेर बहुदलीय संसदीय व्यवस्थाको मूलधारमा एकाकार भएका छन् पनि भन्न सकिन्छ । वैचारिक पहिचानको संकट नै परेको भए पनि गठबन्धन बनाउने र भत्काउने आधार मुलुकले अहिले खेपेका गम्भीर प्रकृतिका आर्थिक एवं शासकीय समस्याहरूलाई हेर्ने र सम्बोधन गर्ने दलहरूबीचका दृष्टिकोण वा नीतिहरू हुन सक्थे । तर, कुनै पनि दलको त्यो गठबन्धनमा सामेल हुने वा नहुने आधार राष्ट्रिय चासो र महत्त्वका विषय परेनन् । यसले, नयाँ जनादेश लिएर आएको व्यवस्थापिका र त्यसले बनाउने सरकारले पनि अरू पाँच वर्ष सत्ताको हानथाप र छिनाझपटीमा मात्र खेर फाल्ने र मुलुकका समस्या ज्युँका त्युँ रहने जोखिम देखाएको छ ।

संसद्को अंकगणित, दलहरूको अराजनीतिक व्यवहार, उच्च तहका पदाकांक्षीहरूको निरन्तरको तिकडम, सांसद किनबेच र ठूलो खर्चमा चुनाव जितेर आएका सांसदहरूको जसरी पनि भइसकेको चुनाव खर्च 'आकर्षक मन्त्रालय' को मन्त्री भएर असुल्ने लगायतका विकृतिहरूलाई सीमित गर्ने हतियार मुलुकले अझै फेला पारेको छैन । धेरै प्रभावशाली हैसियतमा उदाएका तर सम्बन्धित क्षेत्रको विधि निर्माणमा संलग्न हुँदा प्रत्यक्ष स्वार्थ बाझिने पेसा-व्यवसाय गरिरहेका सांसदहरूको उपस्थिति संघीय र प्रदेश संसद्हरूमा उल्लेख्य छ । यो क्रम पछिल्लो डेढ दशकयता जुन गतिमा बढेको छ, त्यसले नीतिगत भ्रष्टाचारलाई थप गहिर्‍याउँदै लगेको छ ।

**विधायिका बन्ला संसद् ?**

गत पुस ७ गते नवनिर्वाचित संघीय सांसदहरूको शपथग्रहण सम्पन्न भएको छ । संसद्मा धेरै नयाँ अनुहारहरू आएका छन् । तीमध्ये युवाहरू नै अत्यधिक नभए पनि सामान्य बहुमत सक्रिय उमेरका व्यक्तित्वहरूकै छ । मुलुकको भाषिक, धार्मिक, जातीय र क्षेत्रीय विविधताको प्रतिनिधित्व भएको दर्शाउने तस्बिरहरू आम सञ्चारका माध्यमहरूमा आए । प्रदेशसभाहरूको सामान्य तस्बिर पनि धेरै फरक छैन ।

तर, यो शपथ ग्रहणपछि संघीय संसद्का सदस्यहरूले आफ्ना कार्ययोजना र भूमिकाबारे दिएका प्रक्रियाहरू भने आसलाग्दा, खास गरी उनीहरूको विधि निर्माण वा विधायिकी भूमिकाको सुझबुझ झल्काउने प्रकृतिका छैनन् ।

उनीहरूमा, केही अपवाद छोडेर, आफ्नो सम्पूर्ण जिम्मेवारी कानुन निर्माण मात्रै हो भन्ने अनुभूति भएको देखिएन । आफ्नो चुनाव क्षेत्रको विकासे एजेन्टका रूपमा पहिलो र विधायकका रूपमा दोस्रो भूमिकामा रहने प्रवृत्ति साझा देखियो ।

विधायकहरूले विकासमा निर्णायक नै भूमिका खोजेका हुन् भने पनि त्यो पहिले विधिका रूपमा पारित गर्न र त्यसको लाभ आफ्ना मतदातासम्म पनि स्वतः पुग्ने परिपाटीलाई संस्थागत गर्न आवश्यक छ । सडक, खानेपानी, बिजुली, विद्यालय आदि खुद्रे आयोजना आफ्ना चुनाव क्षेत्रमा पार्न जनप्रतिनिधिहरूले दौडधुप गर्ने परिपाटी पञ्चायती निर्दलीय शासनको विरासत हो ।

वास्तवमा पञ्चायतकालमा, जति बेला सबै कानुनको र शासनको स्रोत दरबारिया हैकम थियो, राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई पञ्चायती मोडलको 'विकासको संवाहक' बनाइनु स्वाभाविक हुँदो हो । तर बहुदलीय व्यवस्था पुनःस्थापना भएपछिका सांसदहरूले पनि यो अभ्यास झन्डै निरन्तर रूपमा गरे ।

अझ, गणतन्त्र आएपछि त सांसद विकास कोषका नाममा उनीहरूले करोडौं रुपैयाँको एकमुस्ट थैली नै आफूखुसी परिचालन गर्न पाउने गैरसंसदीय अभ्यास मुलुकको ढुकुटीमाथि जबर्जस्ती थोपरियो ।

यसले गर्दा उनीहरूको विधायिकी भूमिका सर्लक्कै छायामा पर्‍यो । अबका पाँच वर्षको अभ्यास यस्ता विकृति सुधार्न कति सक्षम हुन्छ, विधायिकी प्रभावकारिता त्यति नै अनुपातमा बढ्नेछ ।

**संघीयता र सुशासन**

मुलुकले सङ्घीय शासन प्रणाली अवलम्बन गर्नुको मुख्य औचित्य नै यस्ता विकास-निर्माणसम्बद्ध नीतिनिर्माणका बहुधा काम प्रदेश सरकारहरूले गरून् एवं स्थानीय तह योजना कार्यान्वयन र सेवा प्रवाहमा केन्द्रित होऊन् भन्ने हो । खास गरी संघीय व्यवस्थापिका मुलुकलाई आवश्यक पर्ने कानुनहरू समयानुकूल र शीघ्र बनाउन मात्र केन्द्रित होस् भन्ने अभिप्राय हो ।

सुशासन, अर्थ-व्यापार, परराष्ट्र सम्बन्ध, औद्योगिकीकरण, ठूला पूर्वाधार, सहरीकरण, जलवायु परिवर्तन, वातावरण संरक्षण, राष्ट्रिय जीवनमा

बाँकी तेस्रो पृष्ठमा

# उक्लिँदो वित्तीय लगानी, खस्किँदो अर्थतन्त्र

**दुर्गा कँडेल**

आर्थतन्त्र राज्यको त्यो क्षेत्र हो, जहाँ वस्तु तथा सेवाको उत्पादन र उपभोगका माध्यमद्वारा मुद्राको वितरण हुने गर्छ । कुनै पनि देशको अवस्थाको चित्रण अर्थतन्त्रले गर्ने गर्छ । अर्थतन्त्रलाई चलायमान बनाउन लगानीको स्रोत परिचालन गर्ने काम वित्तीय संस्थाहरूले गर्छन् । वित्तीय लगानीका स्रोत भनेका बैंक तथा वित्तीय संस्थाहरू हुन् ।

अर्थतन्त्र र वित्तीय लगानीबीच नङ-मासुको सम्बन्ध हुन्छ । वित्तीय लगानीको अवस्था राम्रो रहेको अर्थतन्त्र आर्थिक रूपमा सबल हुन्छ भन्ने मान्यता छ, तर विडम्बना, नेपालमा वित्तीय लगानी उकालो लागिरहे पनि अर्थतन्त्रचाहिँ ओरालो झरिरहेको छ ।

वित्तीय लगानी प्रभावकारी रूपमा गर्नुको सट्टा केवल त्यसलाई सुरक्षित राख्न, नाफा सुनिश्चित गर्न, जोखिम कम उठाउन, छोटो समयमा अर्थोपार्जन गर्नतर्फ केन्द्रित गरियो, जसले गर्दा हरेक वर्ष वित्तीय लगानी बढिरहे पनि अर्थतन्त्रमा व्यापारघाटाको गति पनि उत्तिकै तीव्र बन्यो ।

२०७५ असारदेखि २०७९ असारसम्म अर्थतन्त्रमा बैंक तथा वित्तीय संस्थाको कर्जा लगानीमा वृद्धि १२ प्रतिशतदेखि २८ प्रतिशतसम्म भएको देखिन्छ । निक्षेपको वृद्धि भने ५ प्रतिशतदेखि १७ प्रतिशतसम्म मात्र छ । निक्षेपका तुलनामा कर्जामा बढी लगानी हुँदा बैंक तथा वित्तीय संस्थाबाट तरलता बाहिरिएको स्पष्ट हुन्छ । लगानीयोग्य कोषको अभाव हुँदा वित्तीय क्षेत्रमा आर्थिक वर्ष २०७८-८९ को दोस्रो त्रैमासदेखि नै लगानी वृद्धिदर घट्दो छ ।

कर्जा लगानी र आयातको सम्बन्ध नकारात्मक हुनुपर्नेमा लगानी बढिरहँदा व्यापारघाटा पनि बढिरहेको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरूको लगानी आयात प्रवर्द्धन र अनुत्पादक क्षेत्रमा भएको बुझ्न गाह्रो छैन । २०७७ को असार मसान्तमा व्यापारघाटा १० खर्ब ९९ अर्ब रहेकामा २०७९ जेठ मसान्तमा आइपुग्दा १७ खर्ब २० अर्ब पुग्यो जुन अघिल्लो वर्षका तुलनामा २३ प्रतिशत बढी हो ।

आर्थिक वर्ष २०७८-७९ का एघार महिनामा मात्र २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको छ, जबकि आर्थिक वर्ष २०७८-७९ को दोस्रो त्रैमासको अन्त्यतिरदेखि नेपाल राष्ट्र बैंकले विभिन्न किसिमका नियन्त्रणात्मक उपकरणहरू परिचालन गर्न थालेको थियो ।

नेपालमा निर्यात अति नगण्य र आयात अचाक्ली छ । निर्यातको अंश ९.४३ प्रतिशत छ भने आयातको अंश ९०.५७ प्रतिशत । लगानी उत्पादनशील क्षेत्रमा नजाँदा देश आयातमा झन्झन् बढी निर्भर हुँदै जानुपरेको हो । नत्र वार्षिक बजेट १७ खर्ब २० अर्ब हुँदा व्यापार घाटा चाहिँ १७ खर्ब ९० अर्ब हुँदैनथ्यो । व्यापार घाटा र वार्षिक बजेटको आकार हाराहारी हुनु अर्थतन्त्रका लागि कुनै हिसाबले पनि सुखद होइन ।

वित्तीय क्षेत्रमा आर्थिक वर्ष २०७८-७९ मा निक्षेप वृद्धि ५ प्रतिशत रह्यो भने कर्जा वृद्धि १३ प्रतिशत । बैंक तथा वित्तीय संस्थाहरूसँग अहिले तरलता अभाव भएका कारण सीडी रेसियो ८६ भन्दा माथि पुगेको छ । सामान्य उपभोक्ताहरूचाहिँ आफूसँग भएको सुन धितो राखेर गर्जो टार्‍न भन्दा पनि वञ्चित हुनुपर्ने अवस्था छ ।

लगानी उत्पादनशील क्षेत्रमा नगण्य मात्रामा भएको र ठूलो रकम आयातमा भएको, उद्देश्य नखुलेका लगानीहरू पनि आयात व्यापारतर्फ नै केन्द्रित रहेको, घरजग्गाजस्ता क्षेत्रमा लगानी बढ्नाले घरजग्गाको मूल्य अकासिएको छ ।

तरलता अभावले गर्दा बैंक तथा वित्तीय संस्थाहरूको लगानी ठप्पप्रायः भएको छ । लगानी बन्द हुँदा अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन ।

व्यापार-व्यवसायमा थप लगानी हुन नसक्दा एकातिर उद्योगधन्दाहरूले पर्याप्त उत्पादन गर्न सक्दैनन् भने, अर्कोतिर आयात कम हुँदा राजस्व संकलनमा पनि नकारात्मक असर पर्छ । पछिल्लो समय नियामक निकाय नेपाल राष्ट्र बैंकबाट जारी भएको चालु पुँजी कर्जा सम्बन्धी मार्गनिर्देशन-२०७९ ले औद्योगिक तथा व्यावसायिक क्षेत्रलाई कसरी चलायमान गराउँछ, हेर्न बाँकी नै छ ।

सामान्य अवस्थामा अर्थतन्त्रमा वित्तीय लगानी बढ्नु राम्रो पक्ष हो । त्यस्तो लगानी उत्पादनशील क्षेत्रमा भए वस्तुको माग सृजना हुन्छ, माग बमोजिमको वितरण हुन्छ जसबाट मुद्रा चलायमान हुन्छ, रोजगारी बढ्छ, आम्दानी बढ्छ, माग बढ्छ । अन्ततोगत्वा पुनः उत्पादन बढ्न जाँदा समग्र व्यावसायिक चक्रमा सकारात्मक प्रभाव पर्नुपर्नेमा नुनदेखि सुनसम्मका सामान आयात गरी जीवन निर्वाह गर्ने परिपाटीले व्यापार घाटा चुलिँदै गएको हो ।

वित्तीय लगानीलाई जबसम्म उत्पादनशील क्षेत्रमा एकोहोर्‍याई उत्पादन बढाएर आयात प्रतिस्थापनको रणनीति अपनाइँदैन, तबसम्म व्यापार घाटा उकालिरहनेछ । व्यापार-व्यवसाय गर्ने वर्गमा विशुद्ध आयातित होइन, उद्यमी बनेर व्यापार गर्नुपर्ने सोच आउनु जरुरी छ । तर, उत्पादनसहितको

बाँकी तेस्रो पृष्ठमा

# उतारचढावको वैदेशिक व्यापार

**डा. सुमनकुमार रेग्मी**

अघिल्ला वर्षसम्म पनि भारत, चीन र अन्य देशमा गरिँदै आएको वस्तु निर्यातमा कमी आएपछि समग्र रूपमा व्यापारघाटा पनि बढेको देखिन्छ।

आधुनिक उपभोग्य र विलासिताका सामग्रीका उच्च आयातको निराशाजनक निर्यातले देश ग्रस्त छ। फलस्वरूप देश आयातमुखी चर्को रूपमा बढ्दैछ। स्वदेशी उत्पादन वृद्धि तथा प्रवर्द्धनात्मक कार्यक्रममा सफलता नपाउनु र उत्पादन भएका सामान निर्यात हुन नसक्नुले व्यापारघाटा बढ्दै गएको छ।

अघिल्ला वर्षभन्दै निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनका लागि सरकारले गरेका कार्यक्रम विफल हुँदै गएका छन्। व्यापारघाटा कम गर्न समयसमयमा धेरै नीति उद्घाटन गरे पनि उपलब्धि हुन सकेन। आयात प्रतिस्पर्धाका १२ वस्तुका निर्यात पनि निराशाजनक अवस्थामा छन्।

हरेक वर्ष निर्यात बढाउने भनी नयाँनयाँ नमुनाका रूपमा नयाँ कार्यक्रम ल्याई हल्ला फिजाइन्छ तर हरेक वर्ष कार्यक्रम कार्यान्वयन हुन नगई निर्यात अधोगतिमा जाँदैछ। अब २०७९/०८० को पहिलो महिनामा अघिल्लो आर्थिक वर्षको पहिलो महिनाको तुलनामा निकासी व्यापार, मुद्रासञ्चिति, वैदेशिक लगानी, मुद्रास्फीतिमा त्यति विधि सुधार आएको देखिँदैन। २०७९/०८० को प्रथम दुई महिनामा निर्यात बढ्न र आयात घटाउन सकिएको देखिँदैन।

पूर्णबन्देज वा परिमाणात्मक बन्देज लगाइएका सामानबाहेक अन्य वस्तुको निकासी गर्न इजाजत चाहिने छैन। परिमाणात्मक बन्देज लगाइएका वस्तुको हकमा सोधखोज गरी निकासी इजाजतपत्र दिइनेछ।

तर वैदेशिक मुद्राको कमी हुने अवस्थाले २०७८ माघपछि केही वस्तुमा आयातमा पूर्वप्रतीतपत्र लिन पर्ने गरिएका थियो। २०७९ वैशाखमा २०७९ असारसम्म १० वस्तुको आयात बन्द गरियो। तर २०७९ भदौसम्म गाडी, मोटरसाइकल, मदिरा र मोबाइल आयातमा मात्र आयात बन्द गरिएको छ।

**व्यापारघाटा कम गर्न सरकार प्रयत्नशील**

निर्यात प्रवर्द्धन कोष फलदायी बनाउने, प्रभावकारी निकासी विकास तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। त्यो भयो भनेमात्र निकासी प्रवर्द्धनमा सघाउ पुग्न जाने हुन्छ।

आर्थिक वर्ष २०७८/०७९ मा नेपालमा १ सय ६४ देशबाट १९ खर्ब २१ अर्बभन्दा बढीको सामान आयात भएको छ। भारतबाट २०७८/०७९ मा नेपालले १२ खर्ब १५ करोड २७ लाखभन्दा बढीको सामान आयात गरेको थियो। १२ खर्बभन्दा बढीको सामान आयात हुँदा एक खर्ब ५५ अर्ब २२ करोड ३० लाखबराबरका सामान निर्यात भएको थियो। नेपालले भारतसँग मात्र २०७८/०७९ मा १० खर्ब ४४ अर्ब ९३ करोड ४ लाखभन्दा बढीको व्यापारघाटा व्यहोरेको थियो।

भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ। २०७८/०७९ मा चीनबाट २ खर्ब ६४ अर्ब ७८ करोड ३७ लाखबराबरको आयात भएकोमा ८० करोड ८७ लाख ५४ हजारबराबरको मात्र सामान निर्यात हुँदा चीनसँग २ खर्ब ७३ अर्ब ९७ करोड ४९ लाखबराबरको व्यापारघाटा भयो।

चीनसँगको आयातसँगै निर्यात वृद्धि हुँदै आएको छ। २०७८/०७९ मा नेपालले २ खर्ब ३० करोड ९६ लाखबराबरको स्वदेशी कल वस्तु निर्यात गरेको थियो। २०७७/०७८ मा नेपालले १ खर्ब ४१ अर्ब १२ करोड ४० लाखको निर्यात गरेको थियो। २०७७/०७८ को तुलनामा २०७८/०७९ मा आयात २४.७२ र निर्यात ४१.७४ प्रतिशतले वृद्धि भएका देखिन्छ।

आयातको तुलनामा न्यून मात्रामा निर्यात हुँदा नेपालको व्यापार घाटा वृद्धि भएको थियो। २०७७/०७८ को तुलनामा २०७८/०७९ मा २३ प्रतिशतले व्यापारघाटा वृद्धि भएको देखिन्छ। २०७७/०७८ को तुलनामा २०७८/०७९ मा २३ प्रतिशतले व्यापारघाटा वृद्धि भएको थियो।

२०७८/०७९ मा देशको व्यापारघाटा १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख पुगेको थियो। ७७/७८ मा व्यापारघाटा १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाखबराबर थियो। २०७८/७९ मा नेपालले २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाखबराबरको वैदेशिक व्यापार गरेको थियो। तर २०७७/७८ को तुलनामा २६.१५ प्रतिशतले बढी छ। २०७७/७८ मा नेपाल १६ खर्ब ८० अर्ब ९६ करोड ११ लाखबराबरको वैदेशिक गरेको थियो।

कृषिप्रधान देशमा २ खर्ब ५० करोडको खाद्यान्न आयात हुन हीनताबोध भएको छ। २०७८/०७९ मा वार्षिक बजेटभन्दा झन्डै तीन खर्ब बढीको आयात, १७ खर्बको बढीको व्यापारघाटा देखिन्छ।

एक वर्षको अवधिमा नेपालले १९ खर्ब २० अर्बको आयातको गरिएको छ। २०७८/७९ को वार्षिक बजेट नै १६ खर्ब ३२ अर्बको थियो। २०७८/०७९ मा व्यापारघाटा १७ खर्ब २० अर्बको छ।

२०७८/०७९ मा नेपालले सबैभन्दा बढी इन्धनको आयातमा खर्च भएको छ। एक वर्षको अवधिमा नेपालले ३ खर्ब ८३ अर्बभन्दा बढीको इन्धन आयात गरेको छ। नेपालले इन्धनपछि सबैभन्दा बढी खाद्यान्न, फलामजन्य सामाग्री, इलेक्ट्रोनिक सामग्री आयात बढी छ।

व्यापारघाटा सबैभन्दा बढी भारतसँग भएको छ। नेपालले भारतबाट १२ खर्ब १५ करोडको सामान आयात गरेको छ। भारतबाट १२ खर्बभन्दा बढी सामान आयात हुँदा केवल ५५ अर्ब २२ करोडबराबरको

बाँकी तेस्रो पृष्ठमा

# ५५ लाख भन्दा बढीको सामग्रीसहित ट्रक पर्सा प्रहरीको नियन्त्रणमा




वीरगञ्ज। वडा प्रहरी कार्यालय विर्ताले ५५ लाखभन्दा बढी मूल्यको अवैध सामाग्री बरामद गरेको छ। वीरगञ्ज महानगरपालिका वडा नम्बर १० ग्रिनसिटी चोकस्थित सडकखण्डबाट प्र.२-०३-००१ ख ३६९४ नम्बरको मालवाहक ट्रकबाट प्रहरीले ५५ लाख १२ हजार ५ सय ३१ रुपैयाँ बराबरको खुद्रा तथा लत्ताकपडा बरामद गरेको हो।

वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरी टोलीले नमस्ते कार्गो ट्रान्सपोर्टबाट पठाइएको औषधी, लत्ताकपडा तथा खुद्रा सामानको विलबिजक शंकास्पद देखेपछि मालवाहक ट्रक नियन्त्रणमा लिएको वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक बिशाल मल्लले जानकारी दिए।

विलबिजकभन्दा बढीको सामाग्रीसहितको ट्रक वीरगञ्जबाट कास्कीतर्फ गइरहेको सूचनाको आधारमा चेकजाँच गरिएको मल्लले बताए। नियन्त्रणमा लिइएको ट्रकलाई आवश्यक अनुसन्धानका लागि बरामद सामाग्रीसहित राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक एवम् प्रवक्ता दिपक गिरीले जानकारी दिए।

# वीरगन्जमा धान खरिद सुरू

वीरगंज। वीरगन्जस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखाले सोमबारदेखि धान खरिद सुरु गरेको छ। आइतबार बिहानैदेखि पर्सा र बाराका किसानले शाखाको मूल गेट अगाडि धान लोड गरेका ट्याक्टर ल्याएर राखेका थिए।

पर्सा बिन्दवासिनी गाउपालिका ३ भौवागुठीदेखि २५ क्विन्टल धान ल्याएर आइतबार बिहानै धान खरिद सुरु हुने प्रतीक्षामा बसेका ६० वर्षीय राजा हुसेनको अनुहार सोमबार धान खरिद सुरु भए पछि उज्यालिएको थियो।

'म ३० घण्टादेखि यहाँ धान खरिद सुरु हुने प्रतीक्षामा बसेको छु,' उनले भने, 'यस वर्ष कम्पनीले निजि क्षेत्र भन्दा झन्डै ६ सय रुपैयाँ बढी मूल्य दिएर किनेकाले हामीलाई धेरै राहत भएको छ।'

धान लोड गरिएका ट्र्याक्टरले शाखा परिसर भरिएर बाहिर पावर हाउस चोकसम्मै करिब १ किमि लामो लाम लागेको छ। कम्पनी वीरगन्ज शाखाले यस वर्ष सोना मन्सुली धान १० हजार र जिरा मसिनो धान २ हजार क्विन्टल गरी १२ हजार क्विन्टल खरिदको कोटा पाएको छ।



गत वर्ष शाखाले १७ हजार क्विन्टल सोना मन्सुली धान खरिद गरेको थियो। यस वर्ष सोना मन्सुली धान प्रति क्विन्टल ३ हजार १ सय २८ रुपैयाँ र जिरा मसिनो धान प्रति क्विन्टल ३ हजार २ सय ५० रुपैयाँमा शाखाले खरिद गरिरहेको छ। शाखा प्रमुख विकास कटुवालले प्रत्येक किसानको न्यूनतम २५ देखि अधिकतम ६० क्विन्टलसम्म धान खरिद गर्ने नीति रहेको बताए।

त्यसका लागि किसानले आफ्नो नागरिकता प्रमाणपत्रको नक्कल, स्थानीय पालिकाको कृषि शाखाको सिफारिस र जग्गाको लालपुर्जाको नक्कल समेत अनिवार्य रूपमा ल्याउनुपर्ने छ। बिचौलियाले दुरुपयोग नगरुन भन्ने उद्देश्यले किसान यी कागजातको साथै धान खरिद गर्दा किसान प्रतिनिधिलाई पनि सहभागी गराई आवश्यक समन्वय गरिएको उनले बताए।

२५ क्विन्टलसम्म धान ल्याउने किसानको लागि छुट्टै काँटाको व्यवस्था पनि गरिएको उनले जानकारी दिए। हाल किसानले ल्याएको धानको अनुपात र प्राप्त खरिद कोटाको अनुपात हेर्दा आउँदो २० दिनमै कोटा बराबरको खरिद भइसक्ने सम्भावना रहेको कटुवालले बताए।

# मौद्रिक नीति विरुद्ध निरन्तर आन्दोलनमा उद्योगी व्यवसायी ।




वीरगञ्ज। नेपाल राष्ट्र बैंकको मौद्रिक नीति सच्याउन माग गर्दै आन्दोलित उद्योगी व्यवसायीहरुले आज पसल तथा व्यवसायिक प्रतिष्ठानमा ब्यानर लगाएका छन्। चालु पूँजी कर्जा मार्गदर्शनको विरोधमा सोमबारदेखि आन्दोलनमा उत्रिएका वीरगञ्जका उद्योगी व्यवसायीहरुले दबाबस्वरुप आज पसल तथा व्यवसायिक स्थानमा 'हामी आन्दोलनमा छौं' लेखिएको ब्यानर लगाएका हुन्।वीरगञ्ज उद्योग वाणिज्य संघसहित १६ वटा उद्योग वाणिज्य संघ र १० वटा वस्तुगत संघ संस्थाहरुको समर्थनमा आन्दोलित व्यवसायीहरुले वीरगञ्ज नगर परिक्रमा पनि गरेका छन्। 'हामी आन्दोलनमा छौं' लेखिएको ब्यानरसहित वीरगञ्जमा प्रदर्शन गर्दै उनीहरुले नेपाल राष्ट्र बैंकको विरुद्धमा नाराबाजी पनि गरेका छन् ।बैंकको ब्याजदर चर्को भएको र नेपाल राष्ट्र बैंकले लागु गरेको चालु पूँजी कर्जा मार्गदर्शन खारेजी नभएसम्म आन्दोलनलाई निरन्तरता दिने वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुवोध कुमार गुप्ताले बताए।

बैंकहरुको चर्को ब्याजदर र नेपाल राष्ट्र बैंकको चालू पुँजी कर्जा निर्देशिका २०७९ का कारण आर्थिक संकट बढेको बताउँदै अध्यक्ष गुप्ताले उद्योगी व्यवसायीहरु आन्दोलन गर्न बाध्य भएको बताए। ८ प्रतिशतमा लिएको ऋणको ब्याजदर १५ प्रतिशत पुगेर धेरै जनाको सम्पत्ति लिलामीको प्रक्रियामा जान लागेको र उद्योग व्यवसाय धरासायी बन्दै गएको गुप्ताको भनाई छ।

वीरगञ्ज उद्योग वाणिज्य संघले नेतृत्व गरेको आन्दोलनमा मधेश प्रदेश भरीका उद्योग वाणिज्य संघ, नेपाली युवा उद्यमी मञ्च, होटल तथा पयर्टन व्यवसायी संघ वीरगञ्ज लगायत २६ वटा संघ संस्थाले समर्थन जनाएका छन्।

वीरगञ्जको आदर्शनगर, माइस्थान लगायत बजार क्षेत्रका पसलमा झण्डा र कालो पट्टी वितरण गर्दै विरोधपूर्ण ब्यानर लगाइएको छ। बुधबार नेपाल राष्ट्र बैंक अगाडि १ घण्टा धर्ना दिने र बिहीबार विशाल विरोध जुलुश निकाली नगर परिक्रमा गर्ने आन्दोलनका कार्यक्रम तय भएको संघका अध्यक्ष डा. गुप्ताले जानकारी दिए।

यसअघि सोमवार उनीहरुले उद्योग वाणिज्य संघ र नेपाल राष्ट्र बैंकको अगाडि कालो ब्यानर समेत टाँगेर आन्दोलनको शुरुवात गरेका थिए।

# उप-प्रधानमन्त्री लामिछानेको अध्यक्षतामा पहिलो केन्द्रीय सुरक्षा समिति बैठक



१२ पुस, काठमाडौं। उपप्रधान एवं गृहमन्त्री बनेपछि रवि लामिछानेको अध्यक्षतामा केन्द्रिय सुरक्षा समितिको पहिलो बैठक बसेको छ।सिंहदरबारस्थित गृह मन्त्रालयमा बसेको बैठकमा नेपाली सेनाका एक जना रथीसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, गृह मन्त्रालयका शान्ति सुरक्षा महाशाखाका प्रमुख सह-सचिव फणिन्द्र पोखरेल लगायत सहभागी थिए। त्यसक्रममा उनीहरुले गृहमन्त्री लामिछानेलाई सुरक्षा ब्रिफिङ गरेका थिए।'पहिलो बैठक हो, खास एजेण्डा थिएन। सामान्य छलफल भए', बैठकमा सहभागी एक अधिकारीले भने। स्रोतका अनुसार छलफलमा सहभागी सुरक्षा अधिकारीहरुले संगठनमा तल्ला तलका कर्मचारीले सिधै गृहमन्त्री वा अरुलाई भेट्ने प्रवृत्ति रहेको बताउँदै त्यसले संगठन कमजोर हुने भनाइ राखेका थिए। जवाफमा उनले सुरक्षा निकायलाई बलियो बनाउन कुनै कसर बाँकी नराख्ने बताएका थिए।

बैठकले बाहिर उल्लेख गर्नुपर्ने किसिमको कुनै निर्णय नगरेको सह-सचिव पोखरेलले बताए।

# पोखरीया नगरपालिकामा सर्वदलीय बैठक सम्पन्न।

पोखरिया। पर्साको पोखरिया नगरपालिकाको नगर विकास तथा राष्ट्रीय आयोगको आयोजना सम्बन्धमा बैठक सम्पन्न भएको छ। नगर प्रमुख प्रद्युमन प्रसाद चौहानको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा उपमेयर रूबी कुमारी ठाकुर, पोखरिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार, वडा अध्यक्षहरु लक्ष्मण साह कानू, महेंद्र महतो चाई, रामप्रबेश महतो चाई, प्रमानंद प्रसाद कुर्मी, नौसाद आलम, सोनालाल साह गोड, कार्यपालिका सदस्यहरु, राधा साह कानू, अजय कुमार कलवार, रामबचन प्रसाद यादव, संविधान सभा सांसद



रामेश्वर प्रसाद रौनियार, नेता नेजामोदिन समानी, रामबाबू बैठा, श्रीकिसून प्रसाद चौहान, राधा बैठा, राजू गिरी, बद्री प्रसाद चौरसिया, लगायतको सहभागिता रहेकों थियो। सो बैठकमा खाने पानी, बाजार बयवस्थापन, अ'ाटो रिक्साको स्टेन, मठ मन्दिर मस्जिदको बयवस्थापन, बिधालय लगायतको विषयमा छलफल ीथियो।

# प्रचण्ड थाहै नदिई प्रधानमन्त्री बने : माधव नेपाल

१२ साउन, काठमाडौं। नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफूहरुलाई जानकारी नदिई माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बनेको गुनासो गरेका छन्।

मंगलबार पार्टी कार्यालयमा आयोजित एक कार्यक्रममा बोल्दै नेपालले प्रचण्ड प्रधानमन्त्री भएको आफूले पत्रपत्रिकाबाट थाहा पाएको बताए।

'अस्ति हाम्रो पार्टीको संलग्नता बेगर, हाम्रो पार्टीलाई जानकारी नदिइकन प्रचण्ड अरुको समर्थनमा प्रधानमन्त्री भए', बैठकमा नेपालको भनाइ थियो, 'पत्रिकाबाट न थाहा भएको हो। फोटो देखेर न थाहा भएको हो हामीलाई।'



प्रचण्डको व्यवहारबाट आफू दुःखी भएको उनले पार्टी कार्यकर्ताहरुलाई बैठकमा सुनाए। 'यस सम्बन्धमा मैले टिप्पणी के गरेको छु भने प्रचण्डजीको यो व्यवहारबाट म दुःखी छु, दुखित छु', नेपालले भने। उनले आफूहरु कांग्रेस र माओवादी दुवैबाट पीडित भएको समेत गुनासो गरेका थिए।

# जनमत पार्टीका अध्यक्ष राउत काठमाडौंमा डेरा खोज्दै



वीरगन्ज। जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत 'सिके' काठमाडौंमा डेरा खोज्न थालेका छन्। ४ मंसिरमा भएको संसदीय निर्वाचनमा राउत नेतृत्वको दलले ६ सिट (एक प्रत्यक्ष र पाँच समानुपातिक) जित हासिल

बाँकी तेश्रो पृष्ठमा

# अभिनेता सुशान्त सिंह राजपूतको हत्या भएको दाबी!



काठमाडौं, पुस १२

साढे दुई वर्षअघि आफ्नै फ्ल्याटमा मृत भेटिएका बलिउड अभिनेता सुशान्त सिंह राजपूतको हत्या भएको दाबी गरिएको छ।

प्रहरीले उनको मृत्युलाई आत्महत्या भन्दै केस बन्द गरे पनि अस्पतालका कर्मचारीले हत्या भएको

बाँकी तेश्रो पृष्ठमा